**मन्दाकिनी हाइड्रोपावर लिमिटेड**
**को**
**एघारौं बार्षिक साधारण सभाको बिबरण तथा निर्णयहरु**

**१. वैधानिक सभा :**
मन्दाकिनी हाईड्रोपावर लिमिटेडको मिति २०८१ साल कार्तिक ४ गते अपरान्ह ४:०० बजेदेखी ५:३० बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ तथा कम्पनीको प्रबन्ध पत्र तथा नियमावली बमोजिम कम्पनीको एघारौं बार्षिक साधारण सभा संचालका समितिका अध्यक्ष श्री शरद कुमार दाहालज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

**२. सभाको मिति, समय र स्थान :**
२.१ मिति : २०८१ साल मंसिर ७ गते, शुक्रबार तदनुसार (22nd November 2024)
२.२ समय : बिहान ८:०० बजे ।
२.३ स्थान : नेपाली चुलो लाजिम्पाट, काठमाण्डौं ।

**३. सभाको सूचना सम्बन्धी जानकारी :**
एघारौं बार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरु सहितका विवरण खुलाई कम्पनी ऐन २०६३ को दफा ६७ (२) तथा कम्पनीको नियमावलीको नियम १८ (३) बमोजिम कम्तीमा २१ दिन अगावै शेयरधनीहरुलाई सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरु उल्लेख गरी मिति २०८१ साल कार्तिक ७ गते तथा मिति २०८१ साल मंसिर ३ गते कारोबार राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी सबै शेयरधनीहरुलाई जानकारी गराइएको साधारण सभा संचालकले जानकारी दिनु भयो ।

कम्पनी ऐनले गरेको व्यवस्थाको अधिनमा रही साधारण सभाको सूचना तथा सभामा पेश गर्नुपर्ने तथा निर्णय गर्नुपर्ने विषयबस्तु समेत उल्लेख भएको कम्पनीको एघारौं बार्षिक प्रतिवेदन विद्युतिय सञ्चारमाध्यम कम्पनीको Website www.mandakinihydro.com.np मा राखिएको छ ।

**४. सभाको विषय सूची :**
**क) सामान्य प्रस्तावहरु :**
१) संचालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे,
२) लेखापरिक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, तथा सोही मितिमा समाप्त आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब, शेयर पूँजीमा

Mandakini Hydro Power Ltd. Kathmandu, Nepal

भएको परिवर्तन, नगद प्रवाह विवरण लगायत सो सँग सम्बन्धित अन्य अनुसूचिहरु उपर छलफल गरि पारित गर्ने बारे,

३) कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०८१/०८२ को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे,

४) संचालक समितिबाट प्रस्ताव गरे अनुसार ०.२६३२ प्रतिशतका दरले हुन आउने रु. १६,२०,९८३.२० नगद लाभांश कर प्रयोजनका लागि स्वीकृत गर्ने बारे,

**ख) विशेष प्रस्तावहरु :**

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम २०८१ आषाढ मसान्त सम्म कायम रहेको सञ्चित मुनाफा समेतबाट चुक्ता पूँजीको ५ प्रतिशत बोनश शेयर वितरण गर्न स्विकृती प्रदान गर्ने,

२) माथिल्लो सार्दी खोला जलविद्युत आयोजना २.९ मे.वा. पारियोजना निर्माण गर्ने, डल्फिन पावर प्रा.लि.मा लगानी गर्ने, बैंक ऋण भुक्तानी गर्ने तथा सो लगायतका कार्य गर्न बोनश शेयर वितरण पश्चात् कायम चुक्ता पूँजीको १:१.२५ अर्थात् (एक कित्ता बराबर १.२५ कित्ता) हकप्रद शेयर जारी गर्ने,

३) कम्पनीको रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्ने तथा प्रबन्ध पत्रको दफा २ तथा नियमावलीको नियम २ संशोधन गर्ने,

४) कम्पनीको पूँजी बृद्धि गर्ने तथा प्रबन्ध पत्रको दफा ६ (क), (ख) र (ग) संशोधन गर्ने,

५) डल्फिन पावर प्रा.लि.मा गरिएको लगानी अनुमोदन गर्ने तथा थप लागनी गर्ने बारे,

६) परियोजना प्रभावित क्षेत्रको स्थानीय निकाय वा सामाजिक संस्थाद्धारा प्रस्तावित स्थानीय विकास सहयोग सम्बन्धी अवधारण तथा रकम सम्बन्धको प्रस्ताव कम्पनी ऐन २०६३ को दफा १०५ अनुरुप पारित गर्ने,

७) बोनश शेयर तथा हकप्रद शेयर जारी गर्ने, कम्पनीको रजिष्टर्ड कार्यालय स्थान्तरण गर्ने, कम्पनीको पूँजी बृद्धि गर्ने, प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने, अन्य कम्पनीहरुमा गरिएको लगानी लगायत विविध विषयमा नियामक निकायहरुबाट कुनै पनि किसिमको संशोधन, फेरबदल एवं थपघट लगायतका निर्देशनहरु प्राप्त भएमा सोही बमोजिम संशोधन, फेरबदल एवं थपघट गर्न संचालक समितिलाई आवश्यक सम्पुर्ण अख्तियारी प्रदान गर्ने ।

**ग) विविध ।**

**५. उपस्थिती :**

**५.१ संचालकहरु (कम्पनी ऐन, २०६३ को दफा ६८) :**

| | | | |
|---|---|---|---|
| क) | श्री शरद कुमार दाहाल | - | अध्यक्ष |
| ख) | श्री बिष्णु बहादुर तामाङ्ग | - | संचालक |
| ग) | श्री हरि प्रसाद भट्ट | - | संचालक |
| घ) | श्री महेश्वर दवाडी | - | संचालक |
| ङ) | डा. रमा मोहन पोखरेल | - | संचालक |

Mandakini Hydro Power Ltd.
Kathmandu, Nepal

च)	ई. सुशिल अधिकारी	-	संचालक
छ)	श्री प्राप्ती रायमाझी	-	संचालक (अनुपस्थित)

**५.२	पदाधिकारीहरुको उपस्थिती :**

क)	श्री दामोदर गिरी	-	कम्पनी सचिव

**५.३	शेयरधनीहरुको उपस्थिती (कम्पनी ऐन २०६३ को दफा ७३ बमोजिम) :**

५.३.१) उपस्थित शेयरधनीहरुको संख्या	: १३
(क) शेयरधनी स्वयँबाट	: १०
(ख) शेयरधनी प्रतिनिधि मार्फत	: ३

५.३.२) शेयर संख्याको प्रतिनिधित्व प्रतिशत	: ५५.०५%

## ६. सभाको वैधानिकता र गणपुरक संख्या :

६.१	साधारण सभा सुरु हुनु अधि कम्पनीका कानूनी सल्लाहकारले उपस्थित शेयरधनी महानुभावहरुलाई कम्पनीको तर्फबाट हार्दिक स्वागत गर्दै कम्पनी ऐन, २०६३ को दफा ७३ (२) तथा कम्पनी को नियमावलिको नियम (२३) अनुसार आवश्यक गणपूरक संख्या पुगेकोले छलफलको बिषय सूचि अनुसार सभा संचालन गर्न अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

६.२	तत्पश्चात् कम्पनी ऐन २०६३ को दफा ७३ अनुसार गणपुरक संख्या पुगेकोले सभा सञ्चालन गर्न मञ्जुर गर्दै पूर्व सूचित सभाको निर्धारित विषय सूचीको क्रमानुसार जान र तत्सम्बन्धमा प्रचलित ऐन बमोजिम कारवाही अगाडी बढाउन सहमती दियो ।

## ७. सभाको सभापतित्व :

सभाको बैधानिकता पुरा भएपछि कम्पनी ऐन २०६३ को दफा ७४ र कम्पनीको नियमावलीको नियम १९ अनुसार यस कम्पनीको संचालक समितिका अध्यक्ष श्री शरद कुमार दाहाज्यूलाई एघारौं बार्षिक साधारण सभाको सभापतित्व गरिदिनु हुन कम्पनीका कानुनी सल्लाहकारले आग्रह गर्नुभयो र संचालक समितिका अध्यक्ष श्री शरद कुमार दाहालज्यूले सभाको सभापतित्व गर्नु भयो ।

## ८. सभाको उद्घाटन र सभा संचालन :

कम्पनीका संचालक समितिका अध्यक्ष श्री शरद कुमार दाहालले कम्पनीको बार्षिक साधारण सभाको सभापतित्व ग्रहण गरेपछि कार्यतालिका अनुसार साधारण सभा संचालकको अनुरोधमा अध्यक्ष श्री शरद कुमार दाहालज्यूले सभाको समुद्घाटन गर्नु भयो । सभाको समुद्घाटन पछि सभापतिज्यूको निर्देशन अनुसार कम्पनीका साधारण सभा संचालकले सभा संचालन गर्नु भयो ।

## ९. संचालक समितिको बार्षिक प्रतिवेदन प्रस्तुती :

Mandakini Hydro Power Ltd. ★ Kathmandu, Nepal ★

९.१ आर्थिक बर्ष २०८०/०८१ को कम्पनीको अवस्था, प्राप्त उपलब्धीहरु र भावी कार्यक्रमका बारेमा कम्पनीका अध्यक्ष श्री शरद कुमार दाहालले मन्तव्य सहित बार्षिक प्रतिवेदन सभा समक्ष पढेर सुनाउनु भयो ।

९.२ सभाका सभापतिज्यूले संचालक समितिको एघारौं बार्षिक प्रतिवेदन, लेखापरिक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, तथा सोही मितिमा समाप्त आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब, शेयर पूँजीमा भएको परिवर्तन, नगद प्रवाह विवरण लगायत सो सँग सम्बन्धित अन्य अनुसूचिहरु उपर छलफल गरि पारित गर्नका लागि आ-आफ्नो विचार, जिज्ञासा, मन्तव्य, सुझाव एवं प्रश्न राख्न तथा छलफल गर्न इच्छुक शेयरधनीमहानुभावहरुलाई आवहान गर्नुभयो ।

## १०. छलफलमा सहभागी हुनु हुने शेयरधनी महानुभावहरु :

१०.०१ छलफलका लागि सभापतिज्यूले आवहान गर्नु भए अनुसार सभामा निम्न बमोजिमका शेयरधनी महानु भावहरुले आ-आफ्नो विचार, जिज्ञासा, मन्तव्य, सुझाव एवं प्रश्न राख्नु भयो ।

क) श्री शत्रुधन श्रेष्ठ
ख) श्री चन्द्र नारायण श्रेष्ठ
ग) श्री बैजु नाथ रौनीयार
घ) श्री इन्द्र प्रसाद लामिछाने
ङ) श्री निरुपमा गुप्ता
च) श्री गोविन्द बहादुर के.सी.
छ) श्री सुदिप श्रेष्ठ
ज) श्री ब्रमदेव शाक्य
झ) श्री इन्द्रकृष्ण श्रेष्ठ
ञ) श्री अमिरदास रञ्जित
ट) श्री डमरु बल्लभ घिमिरे
ठ) श्री नरसिंह लाल चँखू
ड) श्री लक्ष्मण बहादुर श्रेष्ठ (लिखित मन्तव्य)

१०.२ उपरोक्त बमोजिमका शेयरधनी महानुभावहरुले राख्नु भएको विचार, जिज्ञासा, मन्तव्य, सुझाव एवं प्रश्नहरु

क) कम्पनीले आर्थिक शुसासनलाई कायम गर्दै समयमा नै बार्षिक साधारण सभा गरेकोमा धन्यबाद ।

Mandakini Hydro Power Ltd. Kathmandu, Nepal

ख) कम्पनीले यस बर्ष ५.२६३२ प्रतिशत लाभांश दिन सफल भएकोमा धन्यबाद ।

ग) प्रस्ताव गरिएको बोनश शेयर वितरण पश्चात् कायम चुक्ता पूँजीको १:१.२५ अर्थात् (एक कित्ता बराबर १.२५ कित्ता) हकप्रद शेयर साधारण सभाबाट पारित भए पश्चात् छिटो भन्दा छिटो निश्कासन प्रक्रियामा लैजानु पर्‍यो ।

घ) गएको विनाशकारी बाढी पहिरोले हाम्रो परियोजनामा के कस्तो असर परेको छ कि छैन प्रष्ट पारिदिनु पर्‍यो ।

ङ) जल विद्युत्त उत्पादनको लामो अनुभव सँगालेको नाताले नयाँ थप आर्कषक मझौला तथा ठूला परियोजनाहरुमा लगानी विस्तार गर्ने निती तयार गरी सोही अनुरुप अगाडी बढ्नु पर्‍यो ।

च) जल विद्युत्त परियोजना प्राकृतिक प्रकोपको दृष्टिकोणले उच्च जोखिम युक्त परियोजना हुने भएकोले विश्वासिलो र भरपर्दो वीमा कम्पनीमा मात्र वीमा गर्नुपर्‍यो ।

छ) यो बर्ष आएको बाढि परिहरोबाट प्रभावित भएकालाई राहत दिनका लागि CSR अन्तरगत यथोचित सहयोग गर्नुपर्‍यो ।

उपरोक्त जिज्ञासा, विचार, सुझाव तथा प्रश्नहरु उपर अध्यक्ष श्री शरद कुमार दाहालले सभामा राखिएका विचार, जिज्ञासा, मन्तव्य, सुझाव एवं प्रश्नको यथोचित सम्बोधन गर्नु भएको थियो ।

## ११. प्रस्ताव तथा निर्णयहरु :

सभापतिज्यूले छलफलको विषय सूचिमा उल्लेखित प्रस्तावहरु सभाद्धारा पारित गर्नको लागि प्रस्तुत गर्न लगाउनु भएकोमा सभाबाट देहायका प्रस्तावहरु देहाय बमोजिमनै हुनेगरी पारित गर्ने निर्णय गरियो ।

### क) सामान्य प्रस्ताव :

प्रस्तताव नं. १) **संचालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे,**

निर्णय नं. १) संचालक समितिका तर्फबाट अध्यक्षज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरु, अतिथि, कर्मचारीहरु लगायत सबैलाइ स्वागत अभिवादन गर्दै आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन, शेयरधनी महानुभावहरुलाई बितरण गर्न लगाउनु भै आफ्नो तर्फबाट, प्रस्तुत गर्नु भयो । उक्त प्रस्तुत प्रतिवेदन उपरको छलफलमा भाग लिई दिन हुन र आफ्नो बिचार मन्तव्य

Mandakini Hydro Power Ltd. Kathmandu, Nepal

तथा जिज्ञासा राख्न शेयरधनीहरुलाई अनुरोध गर्नु भए पश्चात् उक्त बार्षिक प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २)** **लेखापरिक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, तथा सोही मितिमा समाप्त आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब, शेयर पूँजीमा भएको परिवर्तन, नगद प्रवाह विवरण लगायत सो सँग सम्बन्धित अन्य अनुसूचिहरु उपर छलफल गरि पारित गर्ने बारे,**

निर्णय नं. २) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.ब.२०८०/०८१ को नाफा नोक्सान हिसाब, शेयर पूँजीमा भएको परिवर्तन, नगद प्रबाह विवरण लगायत सो सँग सम्बन्धित अन्य अनुसुचिहरु पारित गरियोस भनी सभापतिले सभा समक्ष प्रस्तुत गुर्न भएको प्रस्ताव सर्व सम्मत रुपामा पारित भयो ।

**प्रस्ताव नं. ३)** **कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०८०/०८१ को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे,**

निर्णय नं. ३) कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०८०/०८१ लेखापरिक्षण गर्नको लागि लेखापरिक्षक नियुक्त गर्ने सम्बन्धमा छलफल हुदाँ एनफआरएस लागु गरी लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक जि. एण्ड जि. एशोसियट्सलाई नियुक्त गर्ने निर्णय गरियो साथै निजको पारिश्रीक मूल्य आभिबृद्धी कर वाहेक रु.२,००,००० (अक्षेरुपी दुई लाख मात्र) प्रदान गर्ने निर्णय ।

**प्रस्ताव नं. ४)** **संचालक समितिबाट प्रस्ताव गरे अनुसार ०.२६३२ प्रतिशतका दरले हुन आउने रु. १६,२०,९८३.२० नगद लाभांश कर प्रयोजनका लागि स्वीकृत गर्ने बारे,**

निर्णय नं. ४) संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु. ६१,५९,६८,६५२.७५ (अक्षेरुपी एकसठ्ठी करोड उन्साठी लाख अठसठ्ठी हजार छ सय बाउन्न रुपैया पचहत्तर पैसा मात्र) को ०.२६३२ प्रतिशतका दरले हुन आउने रु. १६,२०,९८३.२० (अक्षेरुपी सोह्र लाख बिस हजार नौ सय त्रियासी रूपैया बिस पैसा मात्र) नगद लाभांश कर प्रयोजनका लागि स्वीकृत गर्ने निर्णय गरियो ।

Mandakini Hydro Power Ltd. ★ Kathmandu, Nepal ★

**ख) विशेष प्रस्ताव :**

**प्रस्ताव नं. १)** **संचालक समितिले प्रस्ताव गरे बमोजिम २०८१ आषाढ मसान्त सम्म कायम रहेको सञ्चित मुनाफा समेतबाट चुक्ता पूँजीको ५ प्रतिशत बोनश शेयर वितरण गर्न स्विकृती प्रदान गर्ने,**

निर्णय नं. १) संचालक समितिले प्रस्ताव गरे बमोजिम २०८१ आषाढ मसान्त सम्म कायम रहेको सञ्चित मुनाफा समेतबाट चुक्ता पूँजीको ५ प्रतिशत बोनश शेयर वितरण गर्ने प्रस्ताव सर्वसम्मतीवाट स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २)** **माथिल्लो सार्दी खोला जलविद्युत आयोजना २.९ मे.वा. पारियोजना निर्माण गर्ने, डल्फिन पावर प्रा.लि.मा लगानी गर्ने, बैंक ऋण भुक्तानी गर्ने तथा सो लगायतका कार्य गर्न बोनश शेयर वितरण पश्चात् कायम चुक्ता पूँजीको १:१.२५ अर्थात् (एक कित्ता बराबर १.२५ कित्ता) हकप्रद शेयर जारी गर्ने तथा नियमावलीको नियम १४ संशोधन गर्ने सम्बन्धमा,**

निर्णय नं. २) माथिल्लो सार्दी खोला जलविद्युत आयोजना २.९ मे.वा. पारियोजना निर्माण गर्ने, डल्फिन पावर प्रा.लि.मा लगानी गर्ने, बैंक ऋण भुक्तानी गर्ने तथा सो लगायतका कार्य गर्न बोनश शेयर वितरण पश्चात् कायम चुक्ता पूँजीको १:१.२५ अर्थात् (एक कित्ता बराबर १.२५ कित्ता) हकप्रद शेयर जारी गर्ने निर्णय गरियो र उक्त हकप्रद शेयर निष्काशन सम्बन्धमा नियामक निकायहरुबाट कुनैपनि किसिमको थपघट एवं फेरवदल गर्न निर्देशन प्राप्त भएमा सोही बमोजिम थपघट एवं फेरबदल गर्न संचालक समितिलाई आवश्यक सम्पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय समेत गरियो । साथै नियमावलीको नियम १४ संशोधन गर्ने सम्बन्धमा समेत छलफल हुदाँ देहाय बमोजिम हुनेगरी संशोधन गर्ने निर्णय समेत गरियो ।

**नियमावलीको नियम १४**

**शेयर पूँजीमा हेरफेर गर्ने कुरा**

१) कम्पनीको शेयर पूँजी थपघट गर्ने व्यवस्था प्रचलित धितोपत्र दर्ता तथा निष्काशन नियमावली र कम्पनी कानूनमा उल्लेखित प्रावधान अनुरुप हुनेछ ।

२) कम्पनीले आफ्नो पूँजी बृद्धि गर्नुपरेमा शेयरको हकप्रद निष्काशन गर्न सक्नेछ ।

३) कम्पनीले निष्काशन गरेको हकप्रद शेयर खरीद गर्न पाउने हक भएको कुनै शेयरधनीले आफ्नो सम्पूर्ण वा आंशिक हक प्रदान गरी कुनै एक व्यक्ति वा निकायलाई शेयर खरिदको लागि मनोनयन गर्न सक्नेछ । तर हकप्रद शेयर खरिद गर्न पाउने आफ्नो हक अरुलाई हस्तान्तरण गर्ने शेयरधनीले अर्को शेयरधनीबाट शेयर खरिद गर्ने मनोनयन प्राप्त गर्न सक्ने छैन ।

Mandakini Hydro Power Ltd. Kathmandu, Nepal

४) उपनियम (३) बमोजिम हकप्रद शेयर खरिदको लागि मनोनित भएको व्यक्ति वा संस्थाले प्रबन्धपत्र, नियमावली वा नियमन निकायले निर्धारण गरेको शेयर स्वामित्वको सीमा ननाघ्ने गरी शेयर खरीदको लागि आवेदन गर्न सक्नेछ ।

५) हकप्रद शेयर बिक्रि खुला रहेको अवधि भित्र मात्र हकप्रद शेयर खरिद गर्न मनोनयन भएको प्रमाण सहित आवेदन गर्न सकिनेछ । कुनै एक निष्काशनको लागि प्राप्त गरेको मनोनयन अर्को निष्काशनको लागि मान्य हुने छैन ।

६) मनोनयन प्राप्त गरी हकप्रद शेयर खरिदको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोवार ईकाई बमोजिम हुनेछ ।

७) मनोनित व्यक्ति वा संस्था कालोसूचीमा समावेश नभएको तथा प्रचलित कानूनले अयोग्य नभएको हुनु पर्नेछ ।

**प्रस्ताव नं. ३)** **कम्पनीको रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्ने तथा प्रबन्ध पत्रको दफा २ तथा नियमावलीको नियम २ संशोधन गर्ने,**

निर्णय नं. ३) यस कम्पनीको साविकको रजिष्टर्ड कार्यालय का.जि., का.म.न.पा. वडा नं. ९, सिनामंगलमा रहेको र उक्त स्थानमा कार्यालय संचालनका लागि प्रयाप्त स्थानको अभाव लगायतका कारण कार्यालय संचालनका लागि कठिनाई भएको हुँदा उपयुक्त स्थान खोज्ने क्रममा कम्पनीको रजिष्टर्ड कार्यालयलाई प्रयाप्त स्थान सहित भवन तथा कम्पाउण्ड काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ४ मा भेटिएको र उक्त स्थानमा कम्पनीको कार्यालय स्थानान्तरण गर्न उचित देखिएकोले साविकको स्थानबाट रजिष्टर्ड कार्यालय (अफिस) स्थानान्तरण गरि काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ४ मा कम्पनीको रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्ने निर्णय गरियो । साथै रजिष्टर्ड कार्यालय सँग सम्बन्धित प्रबन्ध पत्रको दफा २ तथा नियमावलीको नियम २ मा देहाय बमोजिम हुनेगरी संशोधन गर्ने समेत निर्णय गरियो ।

Mandakini Hydro Power Ltd. ✶ Kathmandu, Nepal

**प्रबन्ध पत्रको दफा २**

**कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना**ः यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालीका वडा नं. ४ मा रहनेछ । कार्यालयको स्वीकृति लिई कम्पनीले आवश्यकता अनुसार रजिष्टर्ड कार्यालय स्थानान्तरण गन सक्नेछ ।

**नियमावलीको नियम २**

**कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना**ः यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालीका वडा नं. ४ मा रहनेछ । कार्यालयको स्वीकृति लिई कम्पनीले आवश्यकता अनुसार रजिष्टर्ड कार्यालय स्थानान्तरण गन सक्नेछ ।

**प्रस्ताव नं. ४)** **कम्पनीको पूँजी बृद्धि गर्ने तथा प्रबन्ध पत्रको दफा ६ (क), (ख) र (ग) संशोधन गर्ने,**

निर्णय नं. ४) यस कम्पनी मार्फत विभिन्न साना, मझौला तथा ठूला जल विद्युत्त परियोजनाहरुमा लगानी गर्ने, कम्पनीको बैंक ऋण तिर्ने लगायतका कार्य गर्न कम्पनीको साविकको पूँजी अपुग हुने भएकोले साविकको अधिकृत, जारी तथा चुक्ता पूँजीलाई बृद्धि गर्ने गरि सो सँग सम्बन्धित प्रबन्ध पत्रको दफा ६ (क), (ख) र (ग) मा देहाय बमोजिम हुनेगरी संशोधन गर्ने निर्णय गरियो ।

**प्रबन्ध पत्रको दफा ६**

क) कम्पनीको अधिकृत पूँजी रु.२,००,००,००,००० (अक्षेरुपी दुई अरब मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु १०० का दरले २,००,००,००० थान साधारण शेयरमा बिभाजित गरिएको छ ।

ख) कम्पनीले तत्काल जारी गर्ने पूँजी रु.१,४५,५२,२५,९४३/- (अक्षेरुपी एक अर्ब पैचालिस करोड बाउन्न लाख पच्चिस हजार नौ सय त्रिचालिस मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु १०० का दरले १,४५,५२,२५९.४३ थान साधारण शेयरमा बिभाजित गरिएको छ ।

ग) कम्पनीको चुक्ता पूँजी रु ६४,६७,६७,०८५ (अक्षेरुपी चौसठ्ठी करोड सतसठ्ठी लाख सतसठ्ठी हजार पचासी रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु १०० का दरले ६४,६७,६७०.८५ थान साधारण शेयरमा बिभाजित गरिएको छ ।

**प्रस्ताव नं. ५)** **डल्फिन पावर प्रा.लि.मा गरिएको लगानी अनुमोदन गर्ने तथा थप लागनी गर्ने बारे,**

निर्णय नं. ५) यस कम्पनी समेत संलग्न रहि स्थापना गरिएको डल्फिन पावर प्रा.लि.मा प्रति शेयर रू.१०० दरका ६,४८,००० थान शेयर लिन कबुल गरीएको र सो मध्ये उक्त कम्पनीको माग बमोजिम हाल रू.९०,००,०००/- (अक्षेरुपी नब्बे लाख मात्र) गरिएको लागनी अनुमोदन गर्ने निर्णय गरियो । साथै थप लगानी

Mandakini Hydro Power Ltd. Kathmandu, Nepal

लगायतका विषयमा आवश्यक कानुनी प्रकृया पुऱ्याई थप लगानी गर्ने लगायतका कार्य गर्नका लागि संचालक समितिलाई आवश्यक सम्पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६)** **परियोजना प्रभावित क्षेत्रको स्थानीय निकाय वा सामाजिक संस्थाद्धारा प्रस्तावित स्थानीय विकास सहयोग सम्बन्धी अवधारण तथा रकम सम्बन्धको प्रस्ताव कम्पनी ऐन २०६३ को दफा १०५ अनुरुप पारित गर्ने,**

निर्णय नं. ६) यस मन्दाकिनी हाइड्रोपावर लिमिटेडको सार्दिखोला जल विद्युत परियोजना संचालन गरेको कास्की जिल्ला, माछापुच्छ्रे गा.पा. वडा नं. २ (साविकको सार्दिखोला गा.वि.स.) विच सामुदायिक सहयोग सम्बन्धी मिति ............... मा सम्पन्न सम्झौता बमोजिम यस आ.व. २०८१/०८२ मा भूक्तानी गर्नुपर्ने रू.१५,००,०००/- (अक्षेरुपी पन्ध्र लाख मात्र) उपयुक्त सामुदायिक विकास तथा वातावरण संरक्षण सम्बन्धी प्रस्ताव सोही सम्झौताको प्रकृया पुरा गरि आएको बखत सोही सम्झौता अनुसार भूक्तानी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७)** **बोनश शेयर तथा हकप्रद शेयर जारी गर्ने, कम्पनीको रजिष्टर्ड कार्यालय स्थान्तरण गर्ने, कम्पनीको पूँजी बृद्धि गर्ने, प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने, अन्य कम्पनीहरुमा गरिएको लगानी लगायत विविध विषयमा नियामक निकायहरुबाट कुनै पनि किसिमको संशोधन, फेरबदल एवं थपघट लगायतका निर्देशनहरु प्राप्त भएमा सोही बमोजिम संशोधन, फेरबदल एवं थपघट गर्न संचालक समितिलाई आवश्यक सम्पुर्ण अख्तियारी प्रदान गर्ने ।**

निर्णय नं. ७) बोनश शेयर तथा हकप्रद शेयर जारी गर्ने, कम्पनीको रजिष्टर्ड कार्यालय स्थान्तरण गर्ने, कम्पनीको पूँजी बृद्धि गर्ने, प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने, अन्य कम्पनीहरुमा गरिएको लगानी लगायत विविध विषयमा नियामक निकायहरुबाट कुनै पनि किसिमको संशोधन, फेरबदल एवं थपघट लगायतका निर्देशनहरु प्राप्त भएमा सोही बमोजिम संशोधन, फेरबदल एवं थपघट गर्न संचालक समितिलाई आवश्यक सम्पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

Mandakini Hydro Power Ltd.
Kathmandu, Nepal

**ग) विविध :**

बिबिध अर्न्तगत छलफलकालागि अन्य कुनै प्रस्ताव नभएकोले यस एघारौं बार्षिक साधारण सभाका सभापति श्री शरद कुमार दाहालज्यूले धन्यबाद सहितको समापन मन्तव्य दिनु हुंदै यस सभामा भएको शेयरधनीहरुको उत्साहपूर्ण सहभागिताले आफू अत्यन्त गौरवान्वित भएको महशुश गर्नु भएको र सभामा अत्यन्त राम्रा र गहन बिचारहरु व्यक्त भएको बताउनु भयो । त्यसै गरि सुचना प्रविधिको माध्यमबाट देशको विभिन्न स्थान र विदेशमा रहनु भएका शेयरधनी महानुभावहरुको सहभागिता तथा वहाहरुबाट व्यक्त भएका सुझाव तथा बिचारहरुले कम्पनीको संचालक समितिलाई उचित मार्गदर्शन प्राप्त भएको उल्लेख गर्नु भयो । साथै शेयरधनीहरुको यस किसिमको उत्साह र प्रतिवद्धताले कम्पनीलाई थप उचाईमा पुऱ्याउनेमा विश्वस्त रहेको बिचार व्यक्त गर्दै सबैलाइ पुन धन्यबाद दिदै सभा बिधिवत बिधिवत् बिसर्जन गर्नु भयो ।

Mandakini Hydro Power Ltd. Kathmandu, Nepal

**दामोदर गिरी**
**(कम्पनी सचिव)**

**शरद कुमार दाहाल**
**(अध्यक्ष)**